# पाठ ७

# जीवन परिवर्तन नभएकाहरू कहाँ पुग्नु

"म कसरी बहन्छु, हेर त ! रुखका हाँगाहरू भुइँसम्मै लतारिन्छन्, आकाशका बादलहरू जोडले दौडन्छन्, ठूला पानीजहाजहरू समुद्र पार गर्छन् । तिमी सूर्यचाहिँ चम्किनुबाहेक अरू केही गर्दैनौ । तिमीले केही कुरा पनि परिवर्तन गर्न सक्दैनौ" भनी बतासले घमण्ड गर्‍यो ।

"ठीकै छ, अब हामी हाम्रो शक्तिलाई जाँच गरौँ । बाटोमा हिँडिरहेको यात्रुलाई हेर त ! जसले उसलाई उसको कोट फुकाल्ने बनाउन सक्छ, त्यही नै विजयी हुनेछ" भनी सूर्यले जवाफ दियो ।

"ठीक छ, म त्यस मानिसको कोटलाई उडाइदिन्छु" भनी बतासले घमण्डका साथ जवाफ दियो । बतासले त्यस मानिसलाई ठूलो धक्का दियो तर उनले छिटोछिटो आफ्नो कोटको टाँक लगाए । बतासले जति धेरै धक्का दियो, ती मानिसले आफ्नो कोट त्यति नै बलियो गरी समाते । अन्त्यमा, बतासले आफ्नो हार स्वीकार गर्‍यो ।

"अब मेरो पालो" भनी सूर्यले चम्कँदै भन्यो । छिट्टै नै यात्रुले आफ्नो कोटका टाँकहरू फुकाल्यो । सूर्यले निरन्तर रूपमा मित्रभावका साथ आफ्नो ताप पठाउँदै गर्दा, ती यात्रुले आफ्नो कोट फुकाले र काँधमा बोके ।

यो दन्त्यकथा भए पनि, यो सानो कथाले सत्यता बोकेको छ । जहाँ दबाब असफल हुन्छ, प्रेम र मित्रताको न्यानोपनले जित्छ । ख्रीष्टको प्रेम देखाउने काम आत्मा जित्नमा मार्गदर्शीय सिद्धान्त बन्छ ।



## पाठको रूपरेखा

सम्भाव्य नयाँ विश्वासीसँग मित्रता गाँस्नुहोस्

असल सुझबुझ प्रयोग गर्नुहोस्

न्यानो प्रवृत्ति देखाउनुहोस्

ठीक तरिका प्रयोग गर्नुहोस्

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

- खीष्टमा विश्वास नगरेकाहरूसँग तपाईंले मित्रता गाँस्न सक्नुहुने विभिन्न तरिकाहरूलाई पहिचान गर्न सक्नुपर्नेछ ।
- आत्मा जित्नमा केही असल सुझबुझ नियमहरूलाई उल्लेख गर्न सक्नुपर्नेछ ।
- तपाईं आफैंले आत्माहरू जित्नका लागि दिइएका तरिकाहरूलाई प्रयोग गर्न सक्नुपर्नेछ ।

## सिक्ने क्रियाकलापहरू

१. यस स्वयम्-अध्ययन पाठ्यपुस्तकमा पाठलाई पढ्नुहोस् र पाठ विकासमा दिइएका अभ्यासहरूलाई पूरा गर्नुहोस् ।

२. पाठको अन्त्यमा स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूलाई ध्यानपूर्वक जाँच गर्नुहोस् ।

३. यस पाठमा दिइएका आत्मा जित्ने तरिकाको एक वा दुई वटाको व्यावहारिक प्रयोग गर्नुहोस् ।

**मुख्य शब्दहरू**

| | | |
|---|---|---|
| प्रशंसा | फिरन्ता | कट्टर |
| दुश्मनी | सदाचार | समभ्रुदारी |

---

## पाठ विकास

सुसमाचार सन्देशप्रति दुश्मनी राख्ने एक व्यक्तिको ख्रीष्टमा जीवन परिवर्तन भयो । आफ्नो विश्वासमा आनन्दित हुँदै, उनले एउटा बाइबल किनेर यसलाई पढ्न लागे । प्रत्येकपल्ट उनको हृदयमा बोल्ने बाइबल वचन उनले पाएपछि उनी आफ्नो घर नजिकैको सडकमा दौडेर जान्थे र त्यहाँ हिँडिरहेको व्यक्तिलाई रोक्थे । आफ्नो औँलाले बाइबलको पद देखाउँदै उनले पढेपछि, सडकमा हिँड्दै गरेका व्यक्तिलाई उनी यसो भनी सोध्थे, "के तपाईंले कहिल्यै यस बारेमा सुन्नुभएको छ ?" उनको यस्तो जोशलाई प्रशंसा गरिए तापनि, उनको तरिकाचाहिँ सधैँभरि त्यति प्रभावकारी नहुन सक्छ ।

जीवन परिवर्तन नभएकाहरूकहाँ पुग्ने केही तरिकाहरूलाई तपाईंले यस पाठमा अध्ययन गर्नुहुनेछ । अगुवाइका लागि प्रभुलाई खोज्नुहोस् र तपाईंले अति उपयोगी भेट्टाउनुभएका तरिकाहरूलाई प्रयोग गर्नुहोस् ।

## सम्भाव्य नयाँ विश्वासीसँग मित्रता गाँस्नुहोस्

**उद्देश्य १**. *अविश्वासीहरूसँग मित्रता गाँस्नुपर्ने कारणहरूलाई मूल्याङ्कन गर्नुहोस् ।*

सुसमाचारका साथ मानिसहरूकहाँ कसरी पुग्ने भन्ने बारेमा त्यहाँ निर्धारित नियमहरू नभए पनि, ख्रीष्टमा विश्वास नगरेकाहरूसँग मित्रता गाँस्नु आधार हो जस्तो देखिन्छ । प्रभु येशूले यो गर्नुभयो । उहाँलाई "कर उठाउनेहरू र पापीहरूका मित्र" भनिएको थियो (लूका ७:३४) । उहाँको दिनका धार्मिक अगुवाहरूले हेला गरेका व्यक्तिहरूसँग उहाँले जानीजानी मित्रता कायम राख्नुभयो । "यस मानिसले त पापीहरूलाई ग्रहण गर्दछ, र तिनीहरूसँग खानपान गर्छ" भनी ती अगुवाहरूले गनगन गरेका थिए ! (लूका १५:२) । येशूले आत्मिक आवश्यकता भएका

मानिसहरूसँग सम्पर्क राख्ने वातावरण सृजना गर्नुभयो । उहाँ स्वेच्छाले तिनीहरूसँग खान र सङ्गति गर्नका लागि बस्नुभयो । हामीले उहाँको उदाहरणलाई पछ्याउनैपर्छ र सम्भव भएसम्म उद्धार नपाएका व्यक्तिहरूसँग मित्रता गाँस्नैपर्छ ।

अविश्वासीहरूसँग एक व्यक्तिको जति धेरै सम्पर्क हुन्छ, मानिसले ख्रीष्टलाई विश्वास गर्ने सम्भावना त्यति नै बढी हुन्छ । यसको कारण सुसमाचारको सन्देश र परमेश्वरको प्रेमचाहिँ उद्धार पाएकाहरू र उद्धार नपाएकाहरूका बीचमा भएको सम्पर्क वा सम्बन्धहरूद्वारा बगेको हुन्छ । जहाँ सम्पर्कहरू थोरै हुन्छन्, थोरै मानिसहरू मात्र ख्रीष्टमा आउँछन् ।

मानिसहरूलाई प्रभुमा ल्याउने काममा कहिलेकाहीँ नयाँ विश्वासीहरूले पुराना विश्वासीहरूलाई जितेकाजस्तो देखिन्छ । नयाँ विश्वासीको ताजा जोशको कारण यो हुन सक्छ । तर अर्को कारणचाहिँ उसको सम्पर्कमा अझै पनि विश्वास नगरेका प्रशस्त मित्रहरू र नातेदारहरू हुन्छन्, जबकि वर्षहरू बित्दै जाँदा ख्रीष्टियानका मित्रहरू, नातेदारहरू र सहकर्मीहरू प्रायःजसो विश्वासीहरू नै हुन्छन् ।



त्यसकारण पुरानो विश्वासीले प्रभुको निम्ति आफ्नो ताजा जोशलाई मात्र कायम राख्ने होइन, तर अखीीष्टियानहरूलाई प्रभुमा ल्याउने उद्देश्यले तिनीहरूसँग मित्रता पनि गाँस्नैपर्छ ।

विभिन्न तरिकाहरूमध्ये एउटा तरिकाचाहिँ उद्धार नपाएका व्यक्तिहरूलाई खानाको निम्ति वा खाजाको निम्ति तपाईंको घरमा निमन्त्रणा गर्नु हो । यस्ता निमन्त्रणाहरूले प्रायःजसो मित्रताको निम्ति बाटो खोलिदिन्छन् र खीीष्टका निम्ति उनीहरूलाई जित्न सकिन्छ । अर्को तरिकाचाहिँ खाँचोमा परेको कुनै व्यक्तिलाई खोजेर उसलाई सहयोग पुऱ्याउनु हो । पछि यस पाठमा यस बारेमा हामी अझ धेरै अध्ययन गर्नेछौं ।

**१** मानिसहरूलाई प्रभुमा डोऱ्याउने काममा पुराना खीीष्टियानहरूभन्दा नयाँ विश्वासीहरू किन अझै सफल हुन्छन्जस्तो देखिन्छ, दुई कारणहरू दिनुहोस् ।

.....................................................................................................

.....................................................................................................

**२** खीीष्टको निम्ति केही व्यक्तिहरूसँग सम्पर्क राख्ने व्यक्तिका रूपमा तपाईंले आफैँलाई देख्नुभएको छ, तपाईंले तिनीहरूसँग अझै मित्रता कायम राख्न सक्ने केही सुझावहरूलाई तपाईंको अभ्यास पुस्तिकामा लेख्नुहोस् ।

**३** तलको वाक्यांशलाई पूरा गर्ने प्रत्येक वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् । उद्धार नपाएका व्यक्तिहरूसँग हामीले मित्रता कायम गर्नु महत्वपूर्ण छ किनकि

क) हाम्रा सिद्ध उदाहरण येशू पापीहरूका मित्र हुनुहुन्थ्यो ।

ख) खीीष्टको बारेमा तिनीहरूसँग कुराकानी गर्नका लागि यसले हाम्रो निम्ति बाटो खोलिदिन्छ ।

ग) खीीष्टियानहरूसँग भन्दा हामी तिनीहरूसँग नजिकको सङ्गति गर्न सक्छौं ।

घ) हामीद्वारा तिनीहरूकहाँ खीीष्टको प्रेम बहन सक्छ ।

## असल सुझबुझ प्रयोग गर्नुहोस्

**उद्देश्य २.** *आत्मा जित्ने प्रभावकारी तरिकाको निम्ति कमसेकम तीनवटा सुझबुझ मार्गदर्शनको सूची बनाउनुहोस् ।*

सम्भाव्य नयाँ विश्वासीमा पुग्ने तरिकाले असल सुझबुझको माग गर्छ। आत्मा जित्ने काममा अझै प्रभावकारी हुनका लागि तल दिइएका सुझावहरूले तपाईंलाई मद्दत गर्नेछन्। पावलको मार्गदर्शनीय सिद्धान्त तिनीहरूले गर्ने हरेक कुरामा "हाम्रा मुक्तिदाता परमेश्वरका धार्मिक सिद्धान्तको शोभा बढाऊन्" भन्ने हो (तीतस २:१०)।

तपाईं कस्तो देखिनुहुन्छ, विचार गर्नुहोस्। तपाईं बाहिर कस्तो देखिनुहुन्छ भन्दा पनि तपाईं भित्रपट्टि कस्तो हुनुहुन्छ भन्ने कुरा अति नै महत्वपूर्ण छ। तर तपाईंको बाहिरीय भेषभूषा नै मानिसहरूले देख्ने पहिलो कुरा हो। मानिसहरूले तपाईंलाई सुन्न चाहन्छन् वा चाहँदैनन् भन्ने कुरा पनि यसले फरक पार्न सक्छ। तपाईं जन्मनुभएको शारीरिक रूपको बारेमा हामीले कुराकानी गरिरहेका छैनौं। यिनीहरू थोरै महत्वका छन्। यद्यपि, तपाईंको ध्यानयोग्यका केही आधारभूत नियमहरू त्यहाँ छन्। लुगाफाटा सुहाउँदो र सरल हुनुपर्छ किनकि तपाईं मानिसहरूका ध्यान तपाईंतर्फ नभएर ख्रीष्टतर्फ तान्न चाहनुहुन्छ। सफा लुगा लगाएर स्वच्छ भई तपाईं सुसमाचारलाई उठाउन सक्नुहुन्छ। व्यक्तिगत सरसफाइ पनि महत्वपूर्ण पक्ष हो। तपाईं आफैंले थाहा नपाएको शरीरको दुर्गन्ध अरूहरूका लागि घिनलाग्दो हुन सक्छ। गनाउने सास सबैभन्दा ठूलो बाधा हुन सक्छ, यसैले तपाईंको सासलाई ताजा राख्न दन्तमञ्जनको प्रयोग गर्नुको साथसाथै सास ताजा राख्ने केही कुराहरू खानुपर्छ।

**४** किन एक ख्रीष्टियानको बाहिरी भेषभूषा महत्वपूर्ण हुन्छ ?

..............................................................................................

## तपाईंको चालामालालाई विचार गर्नुहोस्

"समयको सदुपयोग गर्दै, बाहिरकाहरूसँग बुद्धिमानीसाथ व्यवहार गर। नूनले स्वादिलो पारेजस्तो तिमीहरूको बोलीवचन सधैं कृपालु होस्, ताकि प्रत्येकलाई कसरी जवाफ दिनुपर्ने हो, सो तिमीहरू जान" (कलस्सी ४:५)। कसरी बुद्धिमानीसाथ काम गर्ने भन्ने सम्बन्धमा यहाँ केही मार्गदर्शनहरू छन् :

स्वाभाविक हुनुहोस्। आत्मिक विषयहरूका बारेमा तपाईं स्वाभाविक रूपमा कुराकानी गर्न सक्नुहुन्छ र तिनीहरूलाई तपाईंको दैनिक वार्तालापमा निर्माण गर्न

सक्नुहुन्छ । सुसमाचार प्रचार तपाईंका लागि सास फेर्ने जत्तिकै स्वाभाविक बन्नैपर्छ । तपाईंको हृदय ख्रीष्टको आनन्द र प्रेमले भरिएपछि तपाईंले पत्रुस र यूहन्नाले जस्तै भन्नुहुनेछ, "किनकि हामीले देखेका र सुनेका कुराहरू हामी नबोली सक्दैसक्दैनौं" (प्रेरित ४:२०) । हरेक दिन बोल्ने भाषा प्रयोग गर्नुहोस् । मानिसहरूलाई आफ्ना कुराहरूबाट प्रभाव पार्ने कोशिश नगर्नुहोस् । तपाईं पनि "अनुग्रहद्वारा बचाइनुभएको पापी हुनुहुन्छ" भन्ने कुरा तिनीहरूलाई जान्न दिनुहोस् ।

तपाईंको आवाजको लवजमा स्वाभाविक हुनुहोस् । यदि तपाईंले साँच्चै नै मानिसहरूका बारेमा सरोकार राख्नुहुन्छ भने, तिनीहरूले तपाईंको सरोकारको अनुभूति गर्नेछन् । यदि तपाईं आफ्नो ख्रीष्टियान अनुभवमा आनन्दित हुनुहुन्छ भने, तिनीहरू त्यसमा पनि सचेत हुनेछन् । येशूले भन्नुभयो, "असल मानिसले आफ्नो हृदयको असल भण्डारबाट असलै थोक निकाल्दछ ... । किनकि जुन कुराले हृदय भरिएको हुन्छ, मानिसको मुखबाट त्यही निस्कन्छ" (लूका ६:४५) ।

नम्र हुनुहोस् । सारा संसारभरि नै यो आधारभूत गुण हो ! अविश्वासीहरूसँगको तपाईंको कुराकानी र उनीहरूसँगको तपाईंको व्यवहार, उनीहरू तपाईंप्रति कठोर भए तापनि नम्र नै हुनुपर्छ । कहिल्यै वादविवाद नगर्नुहोस् वा उनीहरूसँग झर्केर नबोल्नुहोस्- यसले केही पनि पूरा गर्न सक्दैन । यसको सट्टा, "नूनले स्वादिलो पारेजस्तो तिमीहरूको बोलीवचन सधैं कृपालु होस्" (कलस्सी ४:६) । नूनले स्वाद दिन्छ र शुद्ध पार्छ । "नम्र जवाफले क्रोधलाई शान्त पार्छ" (हितोपदेश १५:१) । हाम्रा प्रभुले अनुग्रही वचनहरूका साथ बोल्नुभयो र यसले साधारण मानिसहरूलाई आकर्षित गर्‍यो जसले खुसीसाथ उहाँका कुराहरू सुने (मर्कूस १२:३७) । प्रश्न उठाउने अवस्थाहरूलाई तिरस्कार गर्दै समझदार हुनुहोस् । मर्यादाको स्थानीय चालचलनलाई सिक्नुहोस् र पालन गर्नुहोस् । सम्भव भएसम्म, स्त्रीहरूले स्त्रीहरू र पुरूषहरूले पुरूषहरूसँग व्यवहार गर्नुहोस् नत्रभने कुराकानी गर्दा कुनै तेस्रो व्यक्तिलाई सँगै राख्नुहोस् । "यसैकारण तिमीलाई जे असल लाग्छ, त्यसलाई अरूले खराब भन्न नदेओ" (रोमी १४:१६) । मानिसहरूमाथि आफूलाई जबरजस्त प्रस्तुत नगर्नुहोस् । जहाँजहाँ मानिसहरूले तपाईंलाई स्वागत गर्छन्, लामो समय बसेर त्यस स्वागतको दुरुपयोग नगर्नलाई वा तपाईंको समय उनीहरूमाथि लाद्ने बारेमा होसियार हुनुहोस् । तिनीहरूका समयतालिकाप्रति विचारशील हुनुहोस् ।

**५** आत्मा जित्नमा प्रभावकारी तरिकाको निम्ति कमसेकम तीनवटा सुझबुझ मार्गनिर्देशनहरूको सूची बनाउनुहोस् ।

....................................................................................................

**६** उद्धार नपाएकाहरूकहाँ पुग्नका लागि तपाईंले अनुभव गर्नुभएको सुझबुझको प्रयोगको उदाहरण दिने तलका प्रत्येक बयानहरूका पछाडि 'हो' लेख्नुहोस् ।

क एक स्त्रीले बेलुकीको खाना खाने समयमा आफ्नी छिमेकीलाई बोलाउँछिन् र आधा घण्टासम्म कुराकानी गर्छिन्, तब मण्डलीमा आउनका लागि निमन्त्रणा दिन्छिन् ।

ख एक व्यक्तिले बगैँचा गोड्नका लागि आफ्ना वृद्ध छिमेकीलाई सहयोग गर्छन्, तब तिनीहरू आराम गर्नका लागि छायाँमा बस्दा उनले ख्रीष्टका बारेमा बताउँछन् ।

ग अख्रीष्टियानहरूसँग कुराकानी गर्दा एक विद्यार्थीले छोटो "प्रवचनहरू" लाई कण्ठ गर्छन् ।

घ एक विद्यार्थीले बाइबल पदहरू कण्ठ गर्छन् र त्यसपछि अध्ययन गर्छन्, यसरी उनी उनका आफ्नै शब्दहरूमा अर्थ दिन पनि सक्छन् ।

ङ भर्खरै घर सारेका छिमेकीहरूका निम्ति मार्थाले एउटा केक बनाउँछिन् । तिनी छिमेकीहरूकहाँ गएर बस्दिनन्, तर तिनीहरू त्यहाँ बसेर सबै कुराहरू मिलाएपछि, तिनीहरूसँग मित्रता गाँस्न चाहन्छिन् ।

**न्यानो प्रवृत्ति देखाउनुहोस्**

**उद्देश्य ३**. *न्यानो प्रवृत्ति देखाउने वा प्रतिविम्ब गर्ने तरिकाहरूलाई पहिचान गर्नुहोस् ।*

मानिसहरूप्रति भएको एक व्यक्तिको प्रवृत्तिले पनि उसको हृदयमा भएको कुरालाई प्रतिविम्बित गर्छ । तपाईंको हृदयमा भएको ख्रीष्टको प्रेम तपाईंका उद्धार नपाएका नातेदारहरू, मित्रहरू र सहकर्मीहरूप्रति एक न्यानो प्रवृत्तिसाथ फैलियोस् ।

## सम्भाव्य नयाँ विश्वासीलाई सुन्नुहोस्

सुसमाचार प्रचार गर्न सुरू गर्दा कहिलेकाहीँ हामी धेरै हतारमा हुन्छौँ; अनि हामी रोकिएर कुनै व्यक्तिका कुरा सुन्नलाई बेवास्ता गर्छौं। आफ्नो हृदय खोलेर तपाईंसँग कुराकानी गर्न चाहने व्यक्तिले बोलेका कुराहरू सुन्न तपाईंले समय दिनुभयो भने, तपाईंले उनको वास्ता गर्नुभएको कुरा देखिन्छ र उनको विश्वास जित्नका लागि यसले तपाईंलाई मद्दत गर्छ। उनका बारेमा धेरै कुराहरू सिक्नका लागि यसले तपाईंलाई मौका प्रदान गर्छ जसले उनीसँग कसरी बोल्ने भन्ने बारेमा तपाईंलाई मार्गदर्शन दिन्छ।



७ अर्को व्यक्तिको विश्वास जित्नबाट के कुराले हामीलाई टाढा राख्छ ?

..........................................................................................

## उनका समस्याहरूप्रति विचारशील हुनुहोस्

कुनै व्यक्तिलाई ध्यान दिएर सुन्नाले उनका खास समस्याहरू र कठिनाइहरूका बारेमा तपाईंले छिट्टै सिक्नुहुन्छ। उनीसँग सहानुभूति राख्नुहोस्। साँचो सरोकार र प्रेम देखाउनुहोस्। तपाईंसँग उनका समस्याहरू र कठिनाइहरूलाई बाँड्न दिएर, तपाईंले उनीसँग मुक्तिदाता र सहयोगकर्ताका रूपमा येशूलाई अझै राम्रोसँग बाँड्न सक्नुहुनेछ। पावलले भनेका छन् कि हामीले “कुनै पनि दु:खमा परेकाहरूलाई सान्त्वना दिन सक्नैपर्छ” (२ कोरिन्थी १:१४)।

**८** *औँलाटुप्पो बाइबल खण्ड*

*शीर्षक :* **येशूले विश्राम दिनुहुन्छ** *बाइबल खण्ड :* **मत्ती ११:२८–२९**

*बाइबल पद :* **हे सबै थाकेका, बोझले दबिएकाहरू हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ ।**

## आत्माको फललाई आकर्षण गर्न दिनुहोस् !

स्वादिष्ट देखिने किसिमले मिलाएर राखेका पाकेका आरूहरू, नास्पातीहरू, सुन्तलाहरू, स्याउहरू र अन्य फलहरूको सुन्दर फलफूल स्ट्याण्डले एक व्यक्तिलाई केही फल खाने इच्छा सिर्जना गर्छ ! एक व्यक्तिको जीवनमा भएको आत्माको फल पनि यस्तै नै हो । गलाती ५:२२-२३ लाई हेर्नुहोस् । बहुमूल्य पवित्र आत्माले तपाईंको जीवनमा प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता र आत्म-संयमको फल उत्पादन गर्नुभएको होस् र यसले मानिसहरूलाई तान्नेछ र ख्रीष्टको निम्ति तिनीहरूलाई जित्न सजिलो पार्नेछ ।

**९** न्यानो प्रवृत्तिलाई प्रदर्शन गर्ने उत्तम तरिकाहरूलाई छान्नुहोस् ।

**क)** तपाईंमा विश्वास गर्नका लागि कुनै व्यक्तिलाई जोड गर्नुहोस् र यसरी तपाईंले उनलाई सहायता गर्न सक्नुहुनेछ ।

**ख)** कुनै व्यक्तिले पत्यारलाग्दो कुरा नगरेकै भए पनि उसले बोल्दा ध्यान दिएर सुन्नुहोस् ।

**ग)** अरूहरूका निम्ति तपाईंलाई गहिरो प्रेम दिनका लागि प्रभुसँग विन्ती गर्नुहोस् ।

**घ)** कुनै व्यक्तिका समस्याहरूलाई तपाईंको मनले भन्दा तपाईंको हृदयले सुन्नुहोस् । इमान्दारितासाथ उनलाई आफ्नो सहानुभूति देखाउनुहोस् ।

## ठीक तरिका प्रयोग गर्नुहोस्

**उद्देश्य ४.** *सुसमाचारसाथ मानिसहरूकहाँ पुग्ने विभिन्न तरिकाहरूलाई पहिचान गर्नुहोस् ।*

नयाँ करारमा उल्लिखित आत्मा जित्ने विभिन्न विवरणहरूबाट खीष्टमा विश्वास नगरेकाहरूकहाँ पुग्ने सहयोगपूर्ण बुँदाहरूलाई हामी हेर्न सक्नेछौँ । हामीले छिट्टै नै देख्ने रूपचाहिँ विभिन्न तरिकाहरू हो । मानिसहरू फरक फरक भएका हुनाले तरिकाहरू पनि फरक फरक हुन्छन् । प्रत्येक व्यक्ति अद्वितीय छ र अरूहरूबाट फरक हुन्छ । विश्वास नगरेकाहरूकहाँ पुग्ने केही सामान्य तरिकाहरूलाई अब हामी विचार गर्नेछौँ ।

## प्रत्यक्ष सम्पर्क (तरिका)

निकोदेमस येशूलाई भेट्न आउँदा येशूले प्रत्यक्ष तरिका प्रयोग गर्नुभएको थियो । निकोदेमस धार्मिक अगुवा भएका हुनाले, येशू छिट्टै नै नयाँ जन्मद्वारा हुने जीवन परिवर्तनको विन्दुमा आउनुभयो र प्रत्येक व्यक्ति नयाँ गरी जन्मनै पर्छ भनी बताउनुभयो (यूहन्ना ३:३, ५) । तपाईंले पाठ ४ मा अध्ययन गर्नुभएको कुरालाई समीक्षा गर्नुहोस् । हामीले "झड्का सम्पर्क" भनिएको तरिकालाई येशूले कसरी प्रयोग गर्नुभयो, के तपाईंलाई याद छ ? यी वृद्ध निकोदेमसले माथिबाटको अर्थात् पवित्र आत्माबाटको जन्मको सुरूवातबाट ने फेरि सुरू गर्नु आवश्यक छ भनी जोड दिँदै येशूले यिनलाई चकित पार्नुभयो । निकोदेमस इज्जतदार, शिक्षित र सम्भवतः धनी व्यक्ति भएका भए तापनि, जीवन यसको प्रशस्ततामा पनि पर्याप्त असल थिएन । उनले उद्धार पाउनु आवश्यक थियो । यस प्रत्यक्ष सम्पर्कले निकोदेमसको जीवनलाई परिवर्तनतर्फ डोऱ्याएको थियो ।

आत्मा जित्ने एक प्रख्यात व्यक्ति जोहन वास्सरले प्रत्यक्ष सम्पर्कलाई प्रयोग गर्थे । नम्र प्रकारले उनले नौलो व्यक्तिलाई यस्तो प्रश्न सोध्थे : के तपाईंको आत्मा परमेश्वरसँग मिलापमा छ ? के तपाईंले उद्धार पाउनुभएको छ ? के तपाईं प्रभुलाई भेट्नका लागि तयार हुनुहुन्छ ? के तपाईंका पापहरू क्षमा भएका छन् भनी तपाईंलाई थाहा छ ? तपाईंले अनन्तता कहाँ बिताउनुहुनेछ ? जोहन वास्सर त्यस किसिमका व्यक्ति भएका हुनाले, र उनको सोध्ने तरिका पनि त्यस किसिमकै भएकाले, कसैले पनि उनको मेख मार्ने काम गरेको थिएन ।

## अप्रत्यक्ष सम्पर्क (तरिका)

कहिलेकाहीँ प्रत्यक्ष तरिका वा पहुँच त्यति उत्तम हुँदैन र तपाईंले अप्रत्यक्ष तरिकालाई अपनाइ अझै प्रभावकारी रूपमा कसैकहाँ पुग्न सक्नुहुन्छ । तपाईंको

कुराकानीको प्रसङ्गमा सहज प्रकारले आत्मिक विषयहरूमा प्रवेश गर्नका लागि तपाईंले अनुकूल समयको निम्ति पर्खनुहुन्छ । जखायससँगको आफ्नो व्यवहारमा येशूले अप्रत्यक्ष तरिकालाई प्रयोग गर्नुभयो । यस विवरणको बारेमा पाठ ६ मा तपाईंले अध्ययन गर्नुभएको कुरालाई समीक्षा गर्नुहोस् ।

## प्रश्न तरिका

यस तरिकाअनुसार सम्भाव्य नयाँ विश्वासीलाई प्रश्न सोधिन्छ । इथियोपियाली पदाधिकारीकहाँ पुग्नका लागि पवित्र आत्माद्वारा ठीक समयमा अगुवाइ पाएका फिलिपले यी शब्दहरूद्वारा कुराकानी सुरू गरेका थिए : "तपाईंले पढिरहनुभएको कुरा बुझ्नुहुन्छ ?" (प्रेरित ८:३०) । ती पदाधिकारीले यशैयाको पुस्तकबाट पढिरहेका फिलिपले सुने र उनले प्रश्न तरिकालाई प्रयोग गरे । पाठ ५ मा तपाईंले फिलिप र आत्मा जित्ने उनका तरिकाहरूका बारेमा के सिक्नुभयो, समीक्षा गर्नुहोस् ।

त्यहाँ दुई किसिमका प्रश्नहरू छन् । प्रत्यक्ष वा सीधै सोधिने प्रश्नहरूले तपाईं र तपाईंको लक्ष्यलाई सीधै मुक्तिको विषयमा ल्याउँछन् । अप्रत्यक्ष वा घुमाउरा प्रश्नहरूले एक व्यक्तिलाई विस्तारै वा घुमाउरो परामा विषयतर्फ लैजान्छन् । अप्रत्यक्ष प्रश्नहरूका केही उदाहरणहरू यी हुन् : के तपाईंले आत्मिक थोकहरूमा धेरै विचार गर्नुहुन्छ ? के तपाईं आत्मिक विषयहरूमा चासो राख्नुहुन्छ ? के तपाईंले ख्रीष्टियान बन्ने बारेमा विचार गर्नुभएको छ ? येशू ख्रीष्टको बारेमा तपाईं के विश्वास गर्नुहुन्छ ?

कुनै व्यक्तिले दिएको जवाफले कहिलेकाहीँ कुराकानीलाई बढाउन नसकिने वा कुराकानीलाई अन्त्यै बङ्ग्याउने अवस्था सृजना भएको पनि तपाईंले भेट्टाउनुहुनेछ । यी प्रतिउत्तरहरू यस्ता हुन सक्छन् : म नास्तिक हुँ, बाइबल परमेश्वरको वचन हो भनी मलाई विश्वास लाग्दैन, सबै नै धर्महरू असल छन्जस्तो मलाई लाग्छ, त्यहाँ परमेश्वर हुनुहुन्छ भनी तपाईंलाई कसरी थाहा हुन्छ ? जस्ता जवाफहरूका कारण आत्मा जित्ने एक व्यक्तिलाई साधारण सुसमाचारको व्याख्या गर्नबाट टाढा राख्न सक्छ । तपाईंले वचनको बचावट गर्नुपर्दैन, तर यसलाई प्रयोग गर्नुपर्छ र कायल पार्ने कामका लागि पवित्र आत्मालाई ठाउँ दिनुपर्छ भन्ने कुरालाई याद गर्नुहोस् । साक्षी दिनका लागि वास्तवमा तपाईंले यस किसिमका प्रश्नहरूको जवाफ दिनुपर्दैन । तपाईंले तल दिइएकाजस्ता प्रश्नहरू सोधेर आधारभूत विषयहरूमा कुराकानीलाई फर्काउन सक्नुहुन्छ । हो, तपाईंको

विचार त्यस्तो होला, तर खीष्टियानहरूले के विश्वास गर्छन् भन्ने कुरा सुन्न के तपाईं इच्छुक हुनुहुन्छ ? वा त्यस बारेमा खीष्टियानहरूले के विश्वास गर्छन् भन्ने बारेमा के कसैले तपाईंलाई कहिल्यै व्याख्या गरिदिएको छ ? वा मैले खीष्टलाई विश्वास गर्दा मलाई के भयो भन्ने बारेमा के म तपाईंलाई बताउन सक्छु कि ?

तपाईंको निम्ति महत्वपूर्ण कुराचाहिँ सुसमाचारको आधारभूत सन्देश सुनाउने कोशिश गर्नु हो । मुक्तिको मार्गलाई व्याख्या गर्ने कदमहरूलाई अर्को पाठमा दिइनेछ ।

**१०** उद्धार नपाएको व्यक्तिसँग आत्मिक कुराहरूका बारेमा तपाईंले अन्तिमपल्ट कहिले कुराकानी गर्नुभएको थियो, विचार गर्नुहोस् । तपाईंले कुन तरिका प्रयोग गर्नुभयो ?

..........................................................................................

## "सहयोग माग्नुहोस्" तरिका

गालीलको उत्तरतर्फ येशूले आफ्ना चेलाहरूसँग यात्रा गर्नुहुँदा, उहाँले जानीजानी सामरिया भएर जाने बाटोचाहिँ रोज्नुभयो ।

सुखार भनिने नगरमा एक सामरी स्त्रीसँग भएको येशूको अन्तर्वार्ताको बारेमा हामी यूहन्ना ४:५-३० मा पढ्छौँ । पहाडी इलाका भएर जाँदा लामो हिँडाइबाट थकित भएपछि, उहाँ आराम गर्नका लागि याकूबको इनार नजिकै रोकिनुभयो र उहाँका चेलाहरू खानेकुरा किन्न सहरमा गए ।

मध्यदिनको चर्को घामको कारण, त्यसबेला थोरै व्यक्तिहरू मात्र पानी भर्नलाई आए । तर परमेश्वरको समयमा एउटी सामरी स्त्री आइन् । येशूले तिनीबाट सहयोग मागेर तिनीलाई छक्क पारिदिनुभयो । लामो समयसम्म हिँड्नुपरेकोले, येशू तिर्खाउनुभएको थियो । "मलाई पानी पिउन देऊ" भनी उहाँले ती स्त्रीसँग सहयोग माग्नुभयो ।

पानीको लागि ती स्त्रीसँग गरिएको अनुरोध अति असामान्य थियो । त्यसबेला यहूदीहरू र सामरीहरूका बीचमा मित्रता थिएन । सामरीहरूले प्रयोग गरेका कचौराहरू र भाँडाकुँडाहरू यहूदीहरूले प्रयोग गर्दैनथे; सामरीहरू मिसिएका जातिहरू भएका हुनाले यहूदीहरूले तिनीहरूलाई हेलाको दृष्टिले हेर्थे । धेरै पहिले

तिनीहरूका पुर्खाहरू यहूदीहरू थिए जसले आफ्ना शत्रु अश्शूरहरूसँग विवाह गरेका थिए (२ राजा १७:२४-४१)। त्यसकारण ती स्त्रीले प्रभुलाई जवाफ दिइन्, "तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ ?"



तर प्रभुले यस्तो जवाफ दिनुभई जातीय र धार्मिक बाधाहरूमाथि विजय हुनुभयो, "तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।"

तिनको जिज्ञासा उब्जाएर, येशूले सामान्य विषय पानीबाट जीवन-दिने पानीको आत्मिक विषयमा डोऱ्याउनुभयो। सुरूमा ती स्त्रीले उहाँले भन्नुभएका कुरालाई बुझिनन्। तिनले आदरसाथ यसो भनिन्, "हजुर, तपाईंसित उघाउने भाँडो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ ?"

ती स्त्रीले प्रभुसँग प्रश्न सोधिन्, तर उहाँको जवाफको निम्ति नपर्खीकन, तिनले तिनीहरूका साझा पुर्खा याकूबका बारेमा कुराकानी गर्न थालिन्। "के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ ?"

येशूले ती स्त्रीको पहिलेको प्रश्नको जवाफ दिनुभयो र जीवन-दिने पानीको विषयमा कुराकानी जारी राख्नुभयो। उहाँका ओठहरूबाट कति अचम्मका शब्दहरू निस्के !

> यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, तर ज-जसले मैले दिने पानी पिउँछ, त्यो कहिल्यै तिर्खाउनेछैन । जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ (यूहन्ना ४:१३-१४) ।

यी सामरी स्त्रीले क्षणिक रूपमा मुक्तिदाताको तिर्खा मेटाउनका लागि प्राकृतिक इनारको पानीमात्र दिन सक्थिन् । यसको सट्टामा त, येशूले सधैँको निम्ति तिनलाई पूर्ण रूपमा सन्तुष्ट पार्ने जीवन-दिने पानी दिनुहुने थियो । यसको अतिरिक्त, प्रभुको वरदानको रूपमा उहाँले तिनलाई पानीको मूल दिनुहुने थियो, जुनचाहिँ तिनीभित्र जीवन-दिने पानीको स्रोत हुनेथियो ।

यी स्त्रीले बडो उत्सुकतासाथ यस्तो इच्छा व्यक्त गरिन्, "हजुर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउने छैन र यहाँ पानी भर्न आइरहनुपर्दैन ।" प्राकृतिक पानी र येशूले तिनलाई दिनुहुने यस जीवन-दिने पानीको बारेमा तिनको सोचाइमा अझै अलमल थियो । यो जे भए पनि उनी यसलाई चाहन्थिन् !

"जाऊ, तिम्रा लोग्नेलाई बोलाएर ल्याऊ" भन्नुहुँदै येशूले धार्मिकताको निम्ति तिनीभित्र भोक जगाउनुभयो ।

"मेरा लोग्ने छैनन्" भनी ती स्त्रीले स्वीकार गरिन् । तब येशूले तिनलाई भन्नुभयो, "तिम्रो लोग्ने छैन भनी तिमीले ठीकै भन्यौ । किनभने तिम्रा पाँच जना लोग्ने भइसकेका छन्, जो अहिले तिमीसँग छ, त्यो तिम्रो लोग्ने होइन । तिमीले यो साँचो भनेकी हौ ।"

तिनको घिनलाग्दो जीवन येशूलाई थाहा थियो । सम्भवतः तिनको वैवाहिक जीवन कहिल्यै आनन्दित रहेन- लोग्नेहरू आए र गए । तिनले आफ्नो सदाचार गुमाएकी थिइन् । र पनि तिनको हृदयमा केही असल कुराहरूको निम्ति ठूलो चाहना थियो । तर तिनले धार्मिक विषयमा छलफल गरेर आफ्नो दुःख र पापको पीडादायक विषयलाई चाहिँ बिर्सने कोशिश गरेकी थिइन् ।

ती स्त्रीले उहाँलाई भनिन्, "हजुर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म थाहा पाउँछु । हाम्रा पुर्खाहरूले यस डाँडामा आराधना गरे, अनि तपाईंहरू भन्नुहन्छ कि परमेश्वरलाई आराधना गर्ने स्थान यरूशलेम हो" (यूहन्ना ४:२०) । तिनले विवाद सृजना गर्न लागेकी जस्तो सुनिन्थ्यो । परमेश्वरको साँचो आराधना आत्मिक

विषय हो भनी तिनलाई सिकाएर प्रभुले यस विषयलाई निराकरण गर्नुभएको थियो। समय र ठाउँ त्यति महत्वपूर्ण होइन। "परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्दछ" (यूहन्ना ४:२४)।

फेरि ती स्त्रीले कुराकानीलाई अर्को दिशातर्फ मोडिन्। "म जान्दछु कि मसीह (जसलाई ख्रीष्ट भनिन्छ) आउनुहुन्छ, र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा बताउनुहुन्छ।"

"तिमीसँग बोल्ने, म उही हुँ" भनी जवाफ दिनुभई येशूले ती स्त्रीलाई अचम्ममा पार्नुभयो (यूहन्ना ४:२५-२६)।

उहाँको उत्तरमा अचम्म मान्दै र चेलाहरूलाई फर्किराखेका देखेपछि ती स्त्रीले आफ्नो गाग्रो छोडेर हतारिँदै नगरतिर गइन्। तब त्यहाँ पुगेर तिनले खुला रूपमा मानिसहरूलाई यसो भनिन्, "मैले जे गरेँ उहाँले मलाई सबै भनिदिनुभयो। उहाँ नै मसीह हुनुहुन्छ होला कि ?"

ती स्त्रीलाई चिन्ने र तिनले भनेका कुराहरूमा चासो राख्ने त्यस नगरका बासिन्दाहरू येशूलाई भेट्न गए। तिनीहरू आफैँले उहाँको सन्देश सुनेपछि, तिनीहरूमध्ये धेरैले उहाँमा विश्वास गरे। तिनीहरूले उहाँलाई तिनीहरूको नगरमा स्वागत गरे र केही दिनसम्म त्यहीँ बस्नका लागि उहाँलाई विन्ती गरे। तिनीहरूले उहाँलाई "संसारका मुक्तिदाताका" रूपमा पहिचान र स्वीकार गरे (यूहन्ना ४:३९-४२)।

उद्धार नपाएकाहरूकहाँ पुग्नका लागि धेरै सहयोगपूर्ण बुँदाहरू यस वार्तालाप अध्ययनमा समावेश गरिएका हुनाले आत्मा जित्ने विषयको यस लामो खण्डलाई हामीले अध्ययन गरेका छौँ। येशूले सामरी स्त्रीलाई एक व्यक्तिका रूपमा पहिचान गर्नुभयो। त्यस समयका गुरुले सामरी स्त्री त परै जाओस्, कहिलेकाहीँ कुनै पनि स्त्रीसँग कुरा गर्दैनथे ! येशूले सामाजिक वा सांस्कृतिक बाधाहरूलाई बाटोमा खडा हुन दिनुभएन। हामीले पनि मानिसहरूको मूल्यलाई देख्नुपर्छ र तिनीहरूकहाँ पुग्ने उपायहरू भेट्टाउनुपर्छ।

**११** येशूले मर्यादाका नियमहरूलाई पालना गर्नुभयो; उहाँले निकोदेमससँग ..................... मा र स्त्रीसँग ..................... मा कुराकानी गर्नुभएको थियो।

येशूले ती स्त्रीलाई ज्ञानबाट अज्ञानतर्फ; पुर्खाको इनारबाट जीवन-दिने पानीको आत्मिक मुहानतर्फ; परमेश्वरको सीमित आराधनाबाट पवित्र आत्माको शक्तिमा परमेश्वर पिताको आराधनातर्फ; अगमवक्ताका रूपमा तिनमा भएको उहाँको ज्ञानबाट मसीहका रूपमा र संसारका मुक्तिदाताका रूपमा उहाँको बारेको ज्ञानतर्फ डोऱ्याउनुभयो ।

येशूले सहयोग माग्नुभएको कारण, उहाँले नयाँ विश्वासी मात्र जित्नुभएन, तर सामरी नगरमा पनि उहाँलाई स्वागत गरियो जहाँ धेरै जनाले उहाँमाथि विश्वास गरे । ठीक तरिका अपनाइएको खण्डमा धेरै जनाले प्रभुका रूपमा येशूलाई ग्रहण गर्न सक्छन् ।

**१२** ती स्त्रीले विषयलाई परिवर्तन गर्ने कोशिश गर्दा येशूले के गर्नुभयो ?

..........................................................................................

## सहयोगी हात तरिका

केही मानिसहरूले अरूहरूलाई सहयोगी हात दिएर मौकाहरूलाई सदुपयोग गरेका छन् । यसले आत्मिक सम्पर्कहरूका निम्ति ढोका खोलिदिएको छ । व्यावहारिक दयाका कार्यहरूले सुसमाचार प्रचारका निम्ति ढोका खोलिदिन्छ ।

लण्डनको ठूलो सहरमा एक ख्रीष्टियान अगुवाले एक अति नैराश्य भएको परिवारलाई भेटघाट गरेका थिए । बाबु बिरामी थिए । चार छोराछोरीहरूले भाँचिएका फर्निचरका टुक्राहरूसँग खेल्ने गर्दथे । आमाचाहिँले घरको सरसफाइ गर्ने काममा मन नै मारेकी थिइन् । ती सेवकले त्यस परिवारलाई खुसी पार्नका लागि आफूले सक्ने जति कोशिस गरे, तर शब्दहरू मात्र पर्याप्त छैनन् भन्ने कुरा उनलाई मनमा लागेको थियो । तब उनले त्यस घरकी आमालाई सुझाव दिए : "यदि मैले केही भित्तामा टाँस्ने कागजहरू ल्याएँ भने, के तपाईंले तिनीहरू भित्तामा टाँसेर कोठालाई उज्यालो बनाउनुहुन्छ ?"

"हुन्छ, म खुसीसाथ त्यो गर्नेछु" भनी तिनले जवाफ दिइन् ।

भित्तामा टाँस्ने कागज तिनीहरूकहाँ पुऱ्याइदिएपछि, ती सेवकले फेरि त्यस परिवारसँग भेटघाट गरे । उनका लागि कस्तो अचम्मको खुसियाली पर्खेर बसेको

थियो ! सफा गरिएका र मिलाइएका कोठाहरूलाई ताजा भित्ते कागजहरूले सजाइरहेका थिए । बिरामी बाबुले भाँचिएका फर्निचरलाई मर्मत गरिदिएका थिए । तिनीहरूलाई सहायता गर्ने यी ख्रीष्टियानप्रति तिनीहरू कति धेरै धन्यवादी भएका थिए । यसरी तिनीहरूलाई येशू ख्रीष्टको उद्धारको ज्ञानमा डोऱ्याउनका लागि उनको निम्ति सजिलो भएको थियो ।

**१३** याकुब २:१४–१७ पढ्नुहोस् र खाली ठाउँमा भर्नुहोस् । जसरी कामविनाको

विश्वास ........................................ हुन्छ, त्यसरी नै ................................

विनाको साक्षी ..................................... हुन्छ ।

## चासो जगाउने तरिका

जीवन-दिने पानीको बारेमा येशूले कुराकानी सुरू गर्नुहुँदा येशूले सामरी स्त्रीको मनमा चासो जगाइदिनुभएको थियो । पारस्पारिक चासोको विषयमा गरिएको कुराकानीले आत्मिक विषयहरूमा छलफल गर्नका लागि बाटो तयार पारिदिएको थियो ।

मत्ती ४:१८-२० मा हामी पढ्छौं कि एक दिन येशू गालील-समुद्रको किनारमा हिँड्नुहुँदा उहाँले सिमोन पत्रुस र तिनका भाइ अन्द्रियासलाई देख्नुभयो जो मछुवा थिए । दुवै जनाले माछा समात्नका लागि समुद्रमा जाल हानिरहेका थिए । येशूले तिनीहरूलाई भन्नुभयो, “मेरो पछि लाग र म तिमीहरूलाई मानिसहरूको मछुवा तुल्याउनेछु ।” उहाँले तिनीहरूका भाषामा कुराकानी गर्नुभयो- माछा मार्नेको भाषा जुनचाहिँ तिनीहरूका लागि चासो जगाउने खालको थियो ।

“तब उत्तिखेरै जालहरू छोडेर तिनीहरू उहाँको पछि लागे ।” आलङ्कारिक रूपमा कुराकानी गर्नुपर्दा आज पनि मानिसहरूले अझै आफ्ना जालहरू छोडिरहेका छन्, किनकि तिनीहरूले बुझ्ने र पहिचान गर्न सक्ने शब्दहरूमा उहाँ तिनीहरूसँग कुराकानी गर्नुहुन्छ ।

## तारिफ गर्ने तरिका

कुनै व्यक्तिको चरित्र वा कार्यको निम्ति कहिलेकाहीँ हामीले इमान्दारिताका साथ तारिफ गर्न सक्छौँ । यो मानिसहरूकहाँ पुग्ने प्रभावकारी तरिका हुन सक्छ । हामी पढ्छौँ कि पत्रुसले ख्रीष्टलाई पछ्याउन थाल्दा येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, “तिमी योआनेसको छोरा सिमोन हौ, तिमी केफास (जसको अर्थ हो- चट्टान) भनिनेछौ” (यूहन्ना १:४२) । यसपछि पत्रुसले सकारात्मक प्रतिक्रिया दिए । प्रभुले उनको हृदयलाई जित्नुभयो !

**१४** बायाँपट्टि दिइएको हाम्रो पाठको प्रत्येक कथाको निम्ति दायाँपट्टि प्रयोग भएको तरिकालाई प्रतिनिधित्व गर्नेको सङ्ख्या लेख्नुहोस् ।

| | | | |
|---|---|---|---|
| .... **क** | येशू र निकोदेमस | १) | चासो जगाउने |
| .... **ख** | फिलिप र इथियोपियाली | २) | सहयोगी हात |
| .... **ग** | येशू र सामरी स्त्री | ३) | प्रत्यक्ष |
| .... **घ** | येशू र जखियस | ४) | प्रश्न |
| .... **ङ** | सेवक र भित्तामा टाँस्ने कागज | ५) | अप्रत्यक्ष |
| .... **च** | मछुवाहरूलाई बोलावट | ६) | सहयोग माग्नु |
| .... **छ** | चट्टान, केफास | ७) | तारिफ |

**१५** तल दिइएका प्रत्येक अवस्थाहरूपछि, सबैभन्दा उपयुक्त तरिका वा पहुँचको नाम दिनुहोस् । (कुनै अवस्थाहरूमा एकभन्दा बढी तरिका प्रयोग हुन सक्छ ।)

क आफ्नो घर छोडेर कामको खोजीमा रहेको एक युवकलाई तपाईं भेट्नुहुन्छ ।

.............................................................................................

ख तपाईं एउटा नौलो सहरमा हुनुहुन्छ र तपाईंले खानेकुरा किन्न सक्नका लागि पसल भेट्टाउन तपाईंलाई कसैको सहायताको आवश्यकता छ ।

.............................................................................................

ग तपाईंको बालकको शिक्षकले उसलाई मद्दत गर्नका लागि थप समय दिएका छन् ।

..............................................................................................

पाठ २ को अन्त्यमा तपाईंले ख्रीष्टको निम्ति आफूले जित्न चाहनुभएका व्यक्तिहरूका नाम लेख्नुभएको छ। उहाँका निम्ति तिनीहरूलाई जित्नका लागि तपाईंले कुनै चावी वा साँचोको निम्ति प्रार्थना गरिरहनुभएको छ। उपयुक्त किसिममा सुसमाचार प्रचार गर्नका लागि पनि तपाईंले यी हप्ताहरूमा मौका खोजिरहनुभएको छ भन्ने कुरामा हामी विश्वस्त छौँ ।

यदि अझै मौकाहरू प्राप्त भइसकेका छैनन् भने, विभिन्न व्यक्तिहरूसँग तपाईं अझै परिचित हुनका लागि वा तिनीहरूका विश्वास जित्नका लागि तपाईंले अझै समय दिनुपर्ने आवश्यकता हुन सक्छ। तिनीहरूका आवश्यकताहरूप्रति तपाईं अझै सचेत बन्नुहुँदा, यो अवश्य पनि प्रार्थना र सरोकारको विषय हुन सक्छ ।

## स्वयम्-जाँच

१ प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क उद्धार नपाएका व्यक्तिसँग कुराकानी गर्न हाम्रो मित्रताले हाम्रो निम्ति बाटो बनाउन सक्छ ।

ख पापीहरूसँग नदेखिनका लागि येशू सतर्क हुनुहुन्थ्यो ।

ग मानिसहरूले सामान्यः पहिले देख्ने कुरा हाम्रो बाहिरी भेषभूषा हो ।

घ अरूहरू नम्र नहुँदा पनि एक ख्रीष्टियानचाहिँ नम्र हुनैपर्छ ।

२ आत्मा जित्नमा प्रभावकारी तरिकाको लागि सुझबुझ मार्गदर्शनपछि "हुन्छ" लेख्नुहोस् ।

क तपाईंको भेषभूषालाई विचार गर्नुहोस् । ........................

ख तपाईंको स्वर र कामहरूमा स्वाभाविक हुनुहोस् । ........................

ग आत्मा जित्ने सफल व्यक्तिको शब्द शब्दलाई नक्कल गर्नुहोस् । .........

घ समझदार र नम्र हुनुहोस् । ........................

ङ तपाईंका आफ्नै अधिकारहरूको सुरक्षा गर्नुहोस् । ........................

३ वाक्यांशलाई पूरा गर्ने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् । तपाईंले कसरी न्यानो प्रवृत्तिलाई देखाउन वा प्रतिविम्बित गर्न सक्नुहुन्छ ?

क सम्भाव्य नयाँ विश्वासीले कुरा गर्दा उसलाई सुनेर ।

ख उसका समस्याहरू ठूला छैनन् भनी उसलाई बताएर ।

ग कुरा नगर्न, तर सकारात्मक रूपमा विचार गर्न भनी उसलाई बताएर ।

घ प्रार्थना गरेर र तपाईंद्वारा परमेश्वरको प्रेम चम्कन दिएर ।

४ तलका वाक्यहरूलाई पूरा गर्नुहोस् ।

क तरिकाहरू फरक छन् किनकि मानिसहरू .......................... छन् ।

ख कहिलेकाहीँ असल कामहरू विनाको हाम्रो साक्षी .................... हुन्छ ।

ग येशूले सामरी स्त्रीसँग ......................... माग्नुभयो ।

घ येशूले पत्रुसलाई चट्टान भन्नुहुँदा उहाँले उनको ........ गर्नुभएको थियो ।

५ आत्मा जित्ने मुख्य व्यक्तिका रूपमा येशूले कहिलेकाहीँ

क मानिसहरूलाई अचम्ममा पार्नुहुन्छ ।

**ख** एक व्यक्तिको जिज्ञासा जागृत गर्नुहुन्छ ।

**ग** मानिसहरूलाई लाजमा पार्ने कोशिश गर्नुहुन्छ ।

**घ** पाप गर्नेलाई दोष लगाएर त्यागिदिनुहुन्छ ।

**६** तपाईंले सिक्नुभएको *औँलाटुप्पो* बाइबल खण्डलाई तपाईंको स्मरणबाट आफ्नो अभ्यास पुस्तिकामा लेख्नुहोस् वा उद्धरण गरेर कसैलाई सुनाउनुहोस् ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

**१** नयाँ विश्वासीहरू कहिलेकाहीँ अझै जोशिला हुन्छन् र उनीहरूसँग प्रायःजसो उद्धार नपाएका मित्रहरूको ठूलो घेरा हुन्छ ।

**९** **ख)** कुनै व्यक्तिले पत्यार लाग्दो कुरा नगरेकै भए पनि उसले बोल्दा ध्यान दिएर सुन्नुहोस् ।
**ग)** अरूहरूका निम्ति तपाईंलाई गहिरो प्रेम दिनका लागि प्रभुसँग विन्ती गर्नुहोस् ।
**घ)** कुनै व्यक्तिका समस्याहरूलाई तपाईंको मनले भन्दा तपाईंको हृदयले सुन्नुहोस् । इमान्दारितासाथ उनलाई आफ्नो सहानुभूति देखाउनुहोस् ।

**२** तपाईंको उत्तर ।

**१०** तपाईंको उत्तर ।

**३** **क)** हाम्रा सिद्ध उदाहरण येशू पापीहरूका मित्र हुनुहुन्थ्यो ।
**ख)** ख्रीष्टका बारेमा तिनीहरूसँग कुराकानी गर्नका लागि यसले हाम्रो निम्ति बाटो खोलिदिन्छ ।
**घ)** हामीद्वारा तिनीहरूकहाँ ख्रीष्टको प्रेम बहन सक्छ ।

**११** रात, दिन ।

**४** किनकि मानिसहरूले ऊप्रति दिने प्रतिउत्तरमा यसले असर पार्दछ ।
**१२** उहाँ विषयवस्तुमा नै केन्द्रित हुनुभयो ।
**५** (कुनै तीन) सरल लुगाफाटो लगाउनु, शरीरमा सफा हुनु, स्वाभाविक, समझदार र नम्र हुनुहोस् ।

**१३** मृत, काम, मृत ।

**६** **ख** ठीक।
**घ** ठीक।
**ङ** ठीक।

**१४** **क** ३) प्रत्यक्ष।
**ख** ४) प्रश्न।
**ग** ६) सहयोग माग्नु।
**घ** ५) अप्रत्यक्ष।
**ङ** २) सहयोगी हात।
**च** १) चासो जगाउने।
**छ** ७) तारिफ।

**७** हामी धेरै हतारमा हुन्छौँ; समय लिएर हामी अरूहरूका कुराहरू सुन्दैनौँ।

**१५** म तलका तरिकाहरूलाई प्रयोग गर्नेछु :
क सहयोगी हात।
ख सहयोग माग्नु।
ग तारिफ।

**८** आफ्नो कार्डलाई नहेरिकन नै तपाईंले औँलाटुप्पो खण्ड, मत्ती ११:२८-२९ का तीनवटा नै भागहरूलाई उद्धरण गर्न सक्नुपर्नेछ।